Activity 2.36: Conduct an impact study on on-the-job-training conducted by (piloting) LDTA / NASC

Narrative: In the changed federal context, the expected GoN staff, including service delivery employees, in the seven provincial governments is about 21,000, and that in the 753 local governments is about 66,000. GoN has been initiating many capacity development interventions like short-term and long-term training, exposure visits, study trips, etc. A research/study on the impact of these interventions along with the gap analysis is imminent for the required reform in the changed context of administration and management. This study is proposed at federal level, piloting with MoFAGA and a few other ministries, and shall inform the
required reform at the federal level to strengthen the service delivery at PLGs.

Implementation Arrangement: The PCU in consultation with the concerned section of MoFAGA and other related ministries will lead the study. A consultative workshop will be organized to disseminate the findings of the study and get the feedback from the stakeholders.

Implementing unit, Milestone Unit (milestone explanation), Total Budget (in 000)

PCU, 1 (Prepared impact study report), NPR: 1000

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Provincial and Local Governance Support Program (PLGSP)

कार्यसर्त विवरण (Terms of Reference)

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान LDTA) बाट सञ्चालन गरिएका तालिमहरुको प्रभाव मूल्याङ्कन गरि सुधारका लागी सुझावहरु पेश गर्ने

**१. परिचय**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो । यस कार्यक्रमले संघ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा सहयोग गर्दै आएको छ । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संङ्घीयताको संस्थागत विकासको निमित्त सञ्चालित नवीनतम कार्यक्रम हो । यस कार्यक्रमले मुलतः अन्तरसरकारी समन्वय, स्थानीय सरकार सन्चालन प्रणाली, संस्थागत क्षमता, नेतृत्वको सशक्तिकरण र स्थानीय सहभागिता र उत्तरदायित्वका लागि प्रणाली विकास (System Development) जस्ता क्षेत्रहरूलाइ समेटेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आफ्नो दशवर्षे रणनीतिक योजनामा निजामती कर्मचारिको राष्ट्रिय तालिम निति परिमार्जन गर्ने एवम् तालीमलाई कर्मचारिको व्यवसायिक क्षमता विकासमा केन्द्रित गर्ने लक्ष्य लिएको छ। यसै सन्दर्भमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान बाट उपलव्ध गरेका तालिमहरुको प्रभाव मूल्याङन गरि यसमा सुधारका उपायहरुको खोजी गर्ने कार्यक्रम अघि सारेको छ।

## २. उद्देश्य

यस अध्य्यनको उदेश्यहरु देहायबमोजिम रहेको छ ।

क) निजामती कर्मचारीको व्यवसायिक क्षमता विकासको लागि नेपाल प्रशासनीक प्रशिक्षण प्रतिष्ठान (NASC) र स्थानिय बिकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बाट सञ्चालन गरिएका सेवा प्रवेश, सेवाकालिन तथा अन्य अल्पकालिन तथा दिर्घकालिन तालिमहरुको प्रभाव मूल्याङ्कन गरी यी तालिमहरुलाई समसामाहिक तथा प्रभावकारि बनाउने ठोस उपायहरुको खोजी गरी निजामती कर्मचारीको क्षमता विकासमा सहयोग गर्नु ।

ख) निजामती कर्मचारीको लागी नेपाल प्रशिक्षण प्रतिष्ठान (NASC) तथा स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बाट सञ्चालन गरिएका तालिमहरुको प्रभाव मूल्याङ्कनबाट प्राप्त सुझावका आधारमा उक्त संस्थाहरुको संस्थागत क्षमता विकासका क्षेत्र पहिचान गरी सुधार गर्न सहयोग गर्ने ।

## ३. औचित्य

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती सेवालाई सक्षम र उत्तरदायी बनाई राज्यबाट नागरिकलाई उपलब्ध गराइने सेवाको प्रभावकारिता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । निजामती कर्मचारीहरुमा रहेको ज्ञान, सीप र क्षमतालाई समय सापेक्षरुपमा प्रवर्द्धन गर्दै आचरणमा समेत सुधार ल्याई जनभावना अनुरूप कार्य गर्न सक्ने विश्वासिलो सेवाको रुपमा यस सेवालाई स्थापित गर्ने चुनौती हाम्रो सामु रहेको छ। निजामती कर्मचारीहरुलाई पद र जिम्मेवारी अनुरूप आवश्यकतामा आधारित तालीम प्रदान गर्नुपर्ने, विश्वस्तरमा आएका नवीनतम् अवधारणा र प्रविधि अनुरुप तालीमको आधुनिकीकरण गर्नुपर्ने, र समय क्रमसँगै सार्वजनिक प्रशासनमा देखापर्ने चुनौतीहरु र समस्याहरु सँग जुध्दै राष्ट्रिय हितमा समर्पित हुन सक्ने जनशक्ति निर्माण गर्नुपर्ने भएकोले यो अध्य्यनबाट नेपाल प्रशिक्षण प्रतिष्ठान (NASC) तथा स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बाट सञ्चालन गरिएका सेवाकालिन, सेवा प्रवेश तथा अन्य विविध तालिमहरुको प्रभाव मूल्याङ्कन गरी यी तालिमहरु तथा तालिम प्रदायक संस्थाहरुलाई प्रभावकारी बनाउन यो कार्यक्रम अघि सारिएको छ । यस अध्ययनले निजामती कर्मचारीहरुलाई पद र जिम्मेवारी अनुरूप कार्य गर्नको लागि मौजुदा क्षमता र हालको आवश्यकता बीचको अन्तर पत्ता लगाई त्यो अन्तर परिपूर्तिको लागि आगामी

दिनहरुमा तालिम तथा तालिम प्रदायक संस्थाहरुमा गर्नुपर्ने सुधारका क्षेत्र पहिल्याई निजामती सेवालाई एक सक्षम संस्थाको रुपमा स्थापित गर्न सहयोग प्रदान गर्ने छ ।

## ४. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू

- तालिम प्रभावकारिता अध्ययनका निमित्त यसको मान्य विधि, सूचक, प्रश्नावली, अनुसन्धान पद्दति, नमूना सङ्कलन, सूचना सङ्कलन फारम, प्रभाव विश्लेषण खाका, कार्ययोजना आदि सहित विस्तृत प्रस्ताव पेश गर्ने,
- पेश भएको विस्तृत प्रस्तावउपर मन्त्रालयमा भएको छलफबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम प्रस्ताव पेश गर्ने,
- मन्त्रालयबाट प्रस्ताव स्वीकृत भईसकेपछि कार्यराम्भ गर्ने,
- अध्ययनको प्रयोजनको लागी हाल सञ्चालनमा रहेका सेवा प्रवेश, सेवाकलिन तथा अन्य विवध तालिमहरुको पाठ्यक्रम, तालिम मोड्युलहरु, तालिम विधिहरु, तालिम प्रदायक संस्थाको संस्थागत संरचना तथा क्षमता, दक्षिण एसियाका अन्य देशहरुले अपनाएका विधि आदि सम्बन्धमा सूचना तथा दस्तावेजहरु संकलन गरी अध्ययनहरु गर्ने,
- विगत ३(७५–७६, ७६–७७, ७७–७८) वर्षमा सञ्चालन भएका तालिम मध्ये मन्त्रालयबाट उपलब्ध विवरण अनुसार अध्ययन गर्ने
- तालिम प्रभावकारीता अध्ययनको निमित्त सम्बन्धित प्रशिक्षार्थीहरु, प्रशिक्षकहरु, प्रशिक्षण सहायकहरु, प्रशिक्षणको व्यवस्थापनमा संलग्न पदाधिकारीहरु तथा अन्य सम्बद्ध सरोकारवाला एवं विज्ञ संस्थाहरुसँग परामर्श तथा छलफल गरी सूचना तथा सुझावहरु संकलन गर्ने,
- सरोकारवाला निकायहरूका पदाधिकारीसँग छलफल गरी तालिम सम्बन्धमा सुझावहरू संकलन गर्ने, (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान, क्षमता विकास शाखा, जनशक्ति योजना तथा विकास शाखा, स्थानीय तह आदि) ।

- तयार गरिएको अध्ययनको प्रतिवेदनको मस्यौदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको उच्चस्तरिय तथा प्राविधिक समितिमा प्रस्तुती गर्ने,
- मन्त्रालयबाट प्राप्त सुझाव सहित अन्तिम प्रतिवेदन तयार गर्ने ।
- प्रतिवेदनको तयारीको निमित्त कम्तिमा प्रदेश तथा स्थानीय तहका कार्यलयहरुमा समेत स्थलगत अध्ययन गर्नु पर्नेछ ।

**५. समयसीमा र उपलब्धिः**

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | उपलब्धि |
|---|---|---|---|---|
| १ | परामर्शदाता बाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | सम्झौता भएको १५ दिनमा | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने । |
| २ | मन्त्रालयमा छलफल | प्रारम्भिक कार्ययोजना प्राप्त भएको ७ दिनमा | परामर्शदाता, का.स.ई | पृष्ठपोषण प्राप्त भएको हुने |
| ३ | परामर्शदाताबाट अध्य्यनको मसयैादा प्रतिवेदन तयार हुने । | मन्त्रालयमा छलफल भएको १० दिनमा | परामर्शदाता, | प्रारम्भिक मस्यौदा प्राप्त |
| ४ | अध्य्यनको मसयैादा प्रतिवेदनमा सरोकारवालाबीच छलफल गर्ने । | परामर्शदाताबाट अध्य्यनको मसयैादा प्रतिवेदन तयार भएको १० दिनमा | परामर्शदाता, का.स.ई | सरोकारवाला बाट पृष्ठपोषण प्राप्त भएको हुने |

| | | | | |
|---|---|---|---|---|
| ५ | परामर्शदाताबाट मसौदाको परिमार्जन गरी पहीलो संस्करण प्राप्ती | प्रतिवेदनमा सरोकारवाला बीच छलफल भएको १५ दिनमा | परामर्शदाता, का.स.ई | अन्तिम मस्यौदा तयार गरी प्राप्त हुने |
| ६ | मन्त्रालयमा छलफल | मसौदाको परिमार्जन गरी पहीलो संस्करण प्राप्ती भएको ७ दिनमा | परामर्शदाता, का.स.ई | पृष्ठपोषण प्राप्त भएको हुने |
| ७ | अन्तिम प्रतिवेदन र अन्तिम संस्करण प्राप्ती | मन्त्रालयमा छलफल भएको १० दिनमा | परामर्शदाता, का.स.ई | अन्तिम प्रतिवेदन प्राप्त हुने |

**६. प्रतिवेदनको भाषा**

यस अध्ययनको प्रतिवेदन नेपाली भाषामा हुनेछ ।

**७. परामर्शदाताको संरचना, योग्यता र अनुभव**

१. परामर्शदाताको टोली देहायबमोजिम हुनेछ ।

| परामर्शदाताको टोली | योग्यता |
|---|---|
| १. टोली नेता/प्रशासनविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको,<br>• निजामती सेवाको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा रही कम्तिमा ५ बर्ष अनुभव प्राप्त भएको । |

| | |
|---|---|
| | • कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यमा कम्तिमा ७ बर्ष अनुभव प्राप्त भएको ।<br>• कर्मचारीको क्षमता विकास कार्यको कम्तिमा ५ वटाको प्रभाव मूल्याङ्कन कार्यमा संलग्न भएको । |
| २. जनशक्ति विकास विज्ञ | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको ।<br>• निजामती कर्मचारीको क्षमता विकास तालिम/प्रशिक्षणमा कम्तिमा ५ बर्षको अनुभव भएको ।<br>• प्रतिवेदनहरु अध्ययन तथा लेखन सीप भएको । |
| ३. तथ्याङ्कविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको ।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी कार्यमा कम्तिमा ५ बर्ष अनुभव रहेको ।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी Software सञ्चालनको ज्ञान भएको । |
| ४. सहायक | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक भएको।<br>• कम्प्युटरको आधारभूत सीप भएको। |

२. संस्थाको योग्यता देहायबमोजिम हुनेछ:

- नियमानुसार दर्ता नवीकरण भएको ।

- आ.ब. २०७७।७८ सम्मको कर चुक्ता गरेको ।

- सम्बन्धित क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको ।

## ८. भुक्तानी प्रक्रिया

खरिद सम्झौता भएपछि निम्नानुसार भुक्तानी हुनेछ ।

क) पहिलो मस्यौदा प्रतिवेदन पेश गरेपछि सम्झौता रकमको ४० प्रतिशत रकम भुक्तानी हुनेछ,

ख) अन्तिम मस्यौदा पेश भई कार्यालयले तोकिएको प्रक्रिया र ढाँचा अनुसार भए नभएको हेरी स्वीकार गरेपछि सम्झौता रकमको ६० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

**९. अध्ययन गर्नुपर्ने मुख्यमुख्य दस्तावेजहरु**

क) निजामती सेवा सम्बन्धी ऐन नियम तथा कानूनहरु
ख) निजामती कर्मचारी राष्ट्रिय तालिम नितिहरु
ग) तालिम सम्बन्धमा यस अघी भएका अध्ययन प्रतिवेदनहरु
घ) तालिम पाठ्यक्रम, विधि तथा मोड्युलहरु
ङ) तालिम प्रदायक संस्थाको संस्थागत संरचना कार्यविधि तथा कानूनहरु
च) दक्षीण एसिका अन्य देशहरुले निजामति कर्मचारीहरुलाई तालिम प्रदान गर्दा अपनायका विधि, मापदण्ड, अभ्यास,तालिम योजना तथा अन्य प्रयासहरु

**१०. अपेक्षित नतिजा:**

क) प्रभाव मूल्याङ्कनको प्रतिवेदन
ख) तालिमको विधि, पाठ्यक्रम, तालिम योजना, तालिम मापदण्ड, तालिमको न्युनतम भौतिक पुर्वाधार, तालिमका प्रविधि, तालिम प्रशिक्षकको योग्यता आदि सम्बन्धमा ठोस सुझाव
ग) तालिम प्रदायक संस्थाहरुको संस्थागत क्षमता सुधारका क्षेत्रमा ठोस सुझाव

**११. प्राविधिक समिति:**

अध्ययन कार्यको प्राविधिक सहजिकरणको लागी देहायबमोजिमको समिति रहने छ ।स्थानीय तह क्षमता विकासका शाखाले यसको सचिवालयको काम गर्नेछ र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

क) संयोजक: शाखा प्रमुख, स्थानीय तह क्षमता विकास शाखा
ख) सदस्य: जनशक्ति विकास शाखा
ग) सदस्य: कार्यक्रम समन्वय ईकाइ

घ) सदस्य: प्रतिनिधि, नेपाल प्रशासनिक प्रतिनिधि प्रतिष्ठान

ङ) सदस्य: प्रतिनिधि, स्थानीय विकासका प्रशिक्षण प्रतिष्ठान

**१२. प्रस्ताव मूल्याङ्कनका आधारहरु**

परामर्शदाता फर्मबाट प्राप्त प्रस्तावहरू गुणस्तर तथा लागत विधिबाट मूल्याङ्कन हुनेछ । गुणस्तरको ७० प्रतिशत र लागतको ३० प्रतिशत अङ्क भार कायम गरिएको छ । प्राविधिक प्रस्ताव देहायका आधारम मूल्याङ्कन हुनेछ :

| सि. नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | संस्थाको नवीकरण तथा अनुभव सम्बन्धी विवरण | १० |
| २. | प्रस्तावको गुणस्तर (Proposed Methodology, Approach and Documentation) | २० |
| ३. | प्रस्ताव गरिएको विज्ञहरुको योग्यता र अनुभव | |
| ३.१ | टोली नेता/प्रशासनविद् | २५ |
| ३.२ | जनशक्ति विकास विज्ञ | २० |
| ३.३ | तथ्याङ्कविद् | १५ |
| ३.४ | सहायक | ५ |
| ४. | कार्ययोजना/कार्यतालिका | ५ |

## १३. बजेट/ लागत अनुमान

सेवाकालिन तालिमहरुको प्रभाव मूल्याङ्कन गर्ने कार्यको लागि परामर्शदाताको सेवा खरिदको लागत अनुमान **रु. ९८७०७२** (नेपाली रूपैंया, नौ लाख अठासी हजार बहत्तर मात्र) रहेको छ । परामर्शदाताले बजेट प्रस्ताव निम्मानुसारको ढाँचामा उपलब्ध गर्नुपर्ने छ।

| जनशक्तिको विवरण | पारिश्रमिक प्रतिदिन | कार्य दिन | जम्मा लागत |
|---|---|---|---|
| टोली नेता/प्रशासनविद् | | | |
| जनशक्ति विकास विज्ञ | | | |
| तथ्याङ्कविद् | | | |
| सहायक | | | |
| प्रिन्टिङ/फोटोकपी/प्रतिवेदन तयारी | | | |
| विविध | | | |
| **जम्मा** | | | |
| मु.अ.क (VAT) | | | |
| **कुल जम्मा** | | | |

## १४. विविध

क) अन्तिम प्रतिवेदन पेश गर्नु अघि प्रतिवेदनाका सुझाव उपर सम्बन्धित तालिम प्रदायक संस्थामा समेत छलफल गर्नु पर्नेछ ।

ख) अन्तिम प्रतिवेदन पेश गर्दा प्रतिवेदनको नेपाली भाषा विज्ञबाट भाषाको सम्पादन गरी भाषा शुद्ध भएको प्रमाणिकरण साथ पेश गर्नुपर्नेछ ।

ग) प्रतिवेदन तयार गर्दा अरुले तयार गरेका प्रतिवेदनहरुको नक्कल गर्न सकिने छैन।

घ) प्रतिवेदनको गुणस्तर चित्त बुझ्दो नभएमा परामर्शदाताको भुक्तानी रोक्का गर्न सकिनेछ।

ङ) यस कार्य शर्तका शर्तहरु परामर्शदाताहरुसँग हुने सम्झौताको अभिन्न अङ्ग हुनेछ ।